फोन नं ०६९-५२११८८

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रादेशिक स्वास्थ्य निर्देशनालय
# प्रदेश अस्पताल,बेनी,म्याग्दी

## करार सेवामा पदपूर्ति गर्ने सम्वन्धी सूचना

( प्रथम पटक संसोधित सुचना प्रकाशित मिति : २०८२/०४/१६ गते) ।

यस प्रदेश अस्पताल, बेनी, म्याग्दीको आवश्यकता अनुसार तपशिल बमोजिमको पदमा **"सेवा करारमा चिकित्सक र स्वास्थ्यकर्मी व्यवस्थापन कार्यविधि २०७९"** बमोजिम स्वास्थ्यकर्मी/कर्मचारी पदपुर्तिको लागि **मिति २०८२/०४/१३ गतेको** करार **सेवामा पदपुर्ति** गर्ने **सम्बन्धित सुचनामा** केही पद/पद सङ्ख्या संसोधन गर्नुपर्ने देखिएको हुँदा सोही विज्ञापनलाई संसोधन गरी प्रकाशन गरिएको छ । साथै योग्यता पुगेको इच्छुक नेपाली नागरिकहरुले **मिति २०८२/०४/१३ गतेको** करार सेवामा पदपुर्ति गर्ने सम्बन्धी सुचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र वा सो दिन सार्वजानिक विदा परेमा सो को भोलिपल्ट दरखास्त फारम भरी यस कार्यालयमा पेश गर्नुहुन सम्वन्धित सबैको लागि यो सुचना प्रकाशित गरिएको छ । साथै दरखास्त दिने/लिने कार्य मिति २०८२/०४/१३ गते देखि नै लागु भएको व्यहोरा सम्वन्धित सबैमा जानकारीको लागि अनुरोध गरिन्छ ।

तपशिल :

| क.सं | विज्ञापन नं | पद /श्रेणी | तह | न्यूनतम शैक्षिक योग्यता | माग पद सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०१/०८२/८३ | क. जनरल फिजिसियन | नवौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्टरनल मेडिसिन विषयमा स्नातकोत्तर उतिर्ण भई मेडिकल काउन्सिलमा दर्ता भएको | १ जना | अस्पताल व्यवस्थापन समिति |
| २ | ०२/०८२/८३ | मेडिकल अधिकृत | आठौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट MBBS वा सो सरह उर्तिण गरी मेडिकल काउन्सिलमा दर्ता भएको | १ जना | दरबन्दी करार |
| ३ | ०३/०८२/८३ | मेडिकल अधिकृत | | | १ जना | कार्यक्रम करार |
| ४ | ०४/०८२/८३ | स्टाफ नर्स | पाचौं | मान्यता प्राप्त शिक्षण संस्थावाट नर्सिङ्ग विषयमा प्रमाणपत्र तह उर्तिण भई सम्बन्धित काउन्सिलमा दर्ता भएको | ५ जना | प्रदेश करार |
| ५ | ०५/०८२/८३ | हेल्थ असिष्टेण्ट | पाचौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सा विषयमा प्रमाणपत्र तह उर्तिण भई सम्बन्धित काउन्सिलमा दर्ता भएको | १ जना | दरबन्दी करार |
| ६ | ०६/०८२/८३ | रेडियोग्राफर | पाचौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफी विषयमा प्रमाणपत्र तह उर्तिण भई सम्बन्धित काउन्सिलमा दर्ता भएको | १ जना | दरबन्दी करार |
| ७ | ०७/०८२/८३ | मेडिकल रेकर्डर सुपरभाइजर | पाचौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्यांकशास्त्र वा गणित विषय लिई स्नातक तह वा सो सरह उर्तिण भएको | १ जना | प्रदेश करार |
| ८ | ०८/०८२/८३ | बायोमेडिकल टेक्निसियन | पाचौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट आइ.एस्सी. वा विज्ञान विषय लिई १२ कक्षा उर्तिण गरी बायोमेडिकल टेक्निसियनमा कम्तिमा १ वर्षको तालिम वा बायोमेडिकल इक्विपमेण्टमा १ वर्षको तालिम वा बायोमेडिकल इन्जिनियरिङमा प्रमाण पत्र तह उर्तिण भएको | १ जना | दरबन्दी करार |
| ९ | ०९/०८२/८३ | एनेस्थेसिया सहायक | पाचौं | मान्यता प्राप्त शिक्षण सस्थाबाट हेल्थ असिष्टेण्ट वा स्टाफ नर्स उर्तिण गरी सम्वन्धित विषयमा तालिम लिएको | १ जना | दरबन्दी करार |
| १० | १०/०८२/८३ | अ.न.मी. | चौथो | मान्यता प्राप्त शिक्षण सस्थाबाट अ.न.मी. वा सो सरह उर्तिण भई सम्बन्धीत काउन्सिलमा दर्ता भएको | ३ जना | दरबन्दी करार |

डा. रवि रंजन पुडासैनी
प्रमुख मेडिकल सुपरिटेन्डेन्ट

१. **दरखास्त फारम:** यस अस्पतालको प्रशासन शाखाबाट उपलब्ध हुनेछ । साथै यस अस्पतालको वेभसाइट benihospital.gandaki.gov.np मार्फत डाउनलोड गरी दरखास्त फारम साथ संलग्न गर्नुपर्ने कागजातहरु सहित यस अस्पतालमा स्वंय उपस्थित भई वा अस्पतालको इमेल ठेगाना benihospital1@gmail.com मा आवेदन पेश गर्नुपर्नेछ ।

२. **पेश गर्नुपर्ने कागजातहरु :** उम्मेदवारको व्यक्तिगत विवरण, २ प्रति पासपोर्ट साइजको फोटो, नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, म्याद कायम रहेको नविकरण गरिएको सम्बन्धित विषयको काउन्सिल दर्ता प्रमाणपत्रको प्रतिलिपि साथै अनुभवका प्रमाणपत्र सहितको निवेदन र विदेशी विश्व विद्यालयको हकमा समकक्षता निर्धारणको प्रमाणपत्र पेश गरेको हुनुपर्नेछ ।

३. **उमेर हद :** नवौं/आठौं तह/सातौं तहको लागि २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।
पाचौं/चौथो तहको लागि १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ ।

४ **परिक्षा दस्तुर -** नवौं तहको लागि रु २०००।- (दुई हजार रुपैया मात्र)
आठौ/सातौं तहको लागि रु १२००।- (बाह्र सय रुपैया मात्र)
पाचौं तहको लागि रु ७०० (सात सय रुपैया मात्र) ।
चौथो तहको लागि रु ५०० (पाँच सय रुपैया मात्र) ।

**परिक्षा दस्तुर जम्मा गर्नको लागि :**
राजश्व शिर्षक नं १४२२४ (परिक्षा शुल्क) कार्यालयको नाम : प्रदेश अस्पताल, बेनी, म्याग्दी ।
बैंक खाता नम्बर : २७३०२०००००१००१००००००१, बैकको नाम : नेपाल बैंक लिमिटेड ।
कार्यालयको कोड नं : ३५००९४४०१४ मा जम्मा गरी भौचरको प्रतिलिपि कागजात सहित बुझाउनुपर्नेछ ।

५. **तलव स्केल :** सम्बन्धित पदको लागि प्रचलित कानुन बमोजिम सम्बन्धित तहको शुरु तलब स्केल उपलब्ध गराइनेछ ।

६. **छनौटको किसिम :** गण्डकी प्रदेशको सेवा करारमा "चिकित्सक तथा स्वास्थ्यकर्मी व्यवस्थापन कार्यविधि २०७९" अनुसार गरिने छ ।

७. **करार अवधि :** २०८२ पौष मसान्तसम्म ।

८. **दरखास्त दिने अन्तिम मिति :** यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) औं दिनको कार्यालय समय भित्र र उक्त दिन सार्वजानिक विदा परेमा सो को भोलिपल्ट कार्यालय समय भित्र ।

९. **सर्म्पक मिति :**२०८२/०४/३० गते ।

१०. **परिक्षा /अर्न्तवार्ता मिति :** सर्म्पक मितिमा तोकिनेछ ।

११. **थप जानकारीको लागि :** यस अस्पतालको वेबसाइट benihospital.gandaki.gov.np हेर्नुहुन वा कार्यालय समय भित्र फोन नं ०६९-५२११८८ मा सम्पर्क गर्न सकिने छ ।

१२. सुचनामा उल्लेख भए वाहेकका अन्य कुराहरु कार्यालयको निर्णय वमोजिम हुनेछ ।

पदपुर्ति समिति संयोजक
प्रदेश अस्पताल,बेनी,म्याग्दी

डा.रवि रंजन प्रधान
प्रमुख मेडिकल सुपरिटेण्डेन्ट